## चोर बाटोबाट...

उनले सरकारले विगतमा जस्तो सांसदहरूकै नाममा कोष खडा गरेर रकम वितरण नगर्ने, तर सांसदले मागेका आयोजनामा आवश्यकताअनुसार बजेट विनियोजन गर्ने तयारी रहेको स्पष्ट पारे । त्यस्तै, नेपाली कांग्रेसका सांसद राजेन्द्रकुमार केसीले सांसदहरूको नाममा बजेट नदिई स्पष्ट रूपमा बजेट वक्तव्यमै आयोजना उल्लेख गरेर बजेट छुट्ट्याउनुपर्ने बताए । उनले आयोजनामा बजेट छुट्ट्याउँदा त्यसको स्रोत पनि स्पष्ट गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराए । सांसदहरूलाई कुनै पनि रूपमा पैसा बाँड्नु गलत हुने भन्दै उनले सरकारले त्यसो गर्नु नहुने बताए ।

### कांग्रेसले टिपिसक्यो सांसदका आयोजना

सत्तारुढ नेपाली कांग्रेसले प्रत्यक्ष र समानुपातिक सांसदहरू तथा राष्ट्रियसभाका सदस्यहरूसँग ५/५ वटा आयोजना माग गरेको छ । सोअनुरुप सांसदहरूले आयोजना बुझाइसकेका छन् । ती आयोजनाको 'लिस्ट' अर्थ मन्त्रालयमा बुझाउने र बजेट विनियोजन गराउने तयारी कांग्रेसको छ । 'हामीले ५ वटा आयोजना पार्टीलाई बुझाइसकेका छौं । पार्टीले नै बजेट छुट्ट्याउने जिम्मेवारी लिएको छ,' राष्ट्रियसभाका एक सदस्यले सौर्य दैनिकलाई जानकारी दिए ।

## परामर्शका नाममा...

परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएकामध्ये १३५ स्थानीय तहले ३२ करोड ३१ लाख ६८ हजारका ४४८ वटा अध्ययन प्रतिवेदनसमेत कार्यान्वयनमा नल्याएको महालेखाको ठहर छ ।

### कृषि आयोजनामा १२ अर्ब खर्च हुँदा डेढ अर्ब परामर्शमा

दातृ निकायको सहयोग तथा ऋण सम्झौतामा कृषि क्षेत्रमा सञ्चालित ४ आयोजना–कृषि क्षेत्र विकास कार्यक्रम, नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना र ग्रामीण उद्यम तथा आर्थिक विकासमा १२ अर्ब १८ करोड २८ लाख रुपैयाँ खर्च भएको छ । जसमध्ये परामर्श सेवामा मात्रै १ अर्ब ५६ करोड ४० लाख खर्च भएको देखिन्छ । यी ४ आयोजनाको लागत सम्झौता ३३ अर्ब ४५ करोड भए पनि समय सकिन लाग्दासम्म पनि जम्मा ३६ प्रतिशत रकम खर्च भएको छ । सुरुआतदेखि नै यी योजनामा परामर्शका नाममा ठुलो रकम खर्च हुँदै आएको थियो ।

### वैदेशिक सहायताको ३० प्रतिशत रकममात्रै आयोजना निर्माणमा

वैदेशिक सहायतामा सञ्चालित परियोजनाको सम्झौता हुँदा नै मोटो रकम परामर्श सेवामा राख्ने गरिएको छ । वैदेशिक सहायताबाट प्राप्त रकममध्ये परामर्श तथा प्रशासनिक खर्चमा ७० प्रतिशतसम्म रकम खर्च हुने गरेको आरोप लाग्दै आए पनि सरकारले नियमन गरेर मापदण्डभित्र ल्याउन सकेको छैन ।

### पारदर्शी बनाउन उच्चस्तरीय आयोगको सुझाव

पूर्वसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सार्वजनिक निर्माण र परामर्श सेवा खरिदलाई पारदर्शी बनाउन सुझाव दिएको छ । अन्तर्राष्ट्रिय संस्था फिडिकको मापदण्डअनुसार सम्झौताका सर्तहरू नेपाली भाषामा अनुवाद गर्न र खरिद विशेषज्ञको काममा सहजीकरण गर्न सुझाव दिएको छ । त्यस्तै, विद्युतीय खरीद प्रणालीलाई सुदृढ गरी निर्माण व्यवसायी र परामर्शदाताको विवरण एकीकृत रूपमा प्राप्त गर्ने व्यवस्था मिलाउन सुझाव दिएको छ ।

## नेपाली महिला...

युएईका मेचेली बोथा, सुरक्षा कोत्ते, वैष्णवी महेश र ईशा ओझाले समान १–१ विकेट लिए । त्यसअघि बैंककस्थित टेर्डथाई क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको युएईले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ११४ रन बनाएको थियो । युएईकी कप्तान ईशाले सर्वाधिक ३९ रन बनाइन् । ३९ बल खेलेकी उनले २ चौका र १ छक्का प्रहार गरिन् । ओपनर तीर्थ सतीशले ३२ बलमा २ चौकासहित २१ रनको योगदान दिएकी थिइन् । उनीहरूबीच पहिलो विकेटका लागि ४५ रनको साझेदारी भएको थियो । हिना होत्चान्डी २० र लावन्या केनीले १२ रन बनाए । नेपालकी मनीषा उपाध्यायले सर्वाधिक ४ विकेट लिइन् । ४ ओभर बलिङ गरेकी उनले २० रन मात्रै खर्चिइन् । कविता कुँवरले २ र राजमती ऐरीले १ विकेट आफ्नो नाममा लेखाए । सन् २००७ देखि सुरु भएको नेपाली महिला क्रिकेटको उमेर समूहमा विश्वकपको ढोका यसअघि नै नखुलेको होइन । उमेर समूहमा भने यु–१९ टोलीले २०२५ को सुरुआतमै विश्वकप खेलेको थियो । उमेर समूहले विश्वकप खेले पनि सिनियर टोलीले सन् २०१६ देखि खेल्न थालेको विश्वकप छनोटमा हालसम्म एसिया चरणको छनोट पनि पार गर्न सकेको थिएन । यस पटक भने लामो समयको प्रतीक्षापछि महिला टोलीले पहिलो छनोट चरण पार गरेको छ । सन् २०१६ मा थाइल्यान्डसँगको हारले छनोट नभएको नेपाल सन् २०१७ मा तेस्रो भएर अघि बढ्न सकेको थिएन । सन् २०१९ मा लिग चरणमा खेलाइएको एसिया छनोटबाट थाइल्यान्ड अपराजित रहँदै ग्लोबल चरणमा अघि बढेको थियो । सो प्रतियोगितामा पनि नेपाल थाइल्यान्डसँग मात्र पराजित भयो । त्यस्तै, सन् २०२१ को छनोटमा हङकङ र युएईसँग पराजित हुँदा युएई अपराजित रहँदै अगाडि बढेको थियो भने सन् २०२३ मा भएको छनोटको सेमिफाइनलमा थाइल्यान्डसँग पराजित हुँदै नेपाल ग्लोबल छनोटबाट वञ्चित भएको थियो ।

### टिम भावनाले अभिप्रेरित कप्तान इन्दु

नेपाली कप्तान इन्दु बर्माले 'प्लेयर अफ द म्याच'को ट्रफी आफ्नी सहकर्मी मनीषा उपाध्यायलाई सुम्पिएकी छिन् । इन्दुले संयमित इनिङ्स खेल्दै ३० रन बनाइन् र नेपाललाई ५ विकेटको जित दिलाइन् । यसबापत उनी 'प्लेयर अफ द म्याच' घोषित भए पनि उनले त्यो ट्रफी मनीषाको हातमा राखिदिइन् । सो खेलमा मनीषाको स्पेलले खेलको दिशा मोडेको थियो । युएईका ईशा ओझा र लावन्या केनीले तेस्रो विकेटका लागि राम्रो साझेदारी गरिरहेका थिए । मनिषाले सो साझेदारी तोडेपछि खेल नेपालको पक्षमा मोडिएको हो ।

उनले ४ ओभरमा २० रन दिएर ४ विकेट लिइन् । ईशा आउट भएसँगै युएईले ५ विकेट गुमाएर स्कोरबोर्डमा मात्रै ३४ रन थप्न सक्यो । खेलपछि उनले कप्तानको काम मैदानमा सही निर्णय गर्ने मात्र नभएर सधैं टोलीको उत्साह बढ्ने पनि भएको प्रतिक्रिया दिएकी छिन् ।

## सिंहदरबारमा गुमनाम...

'कहिले पनि नआउने, नाम सधैं टाँस्नुपर्ने ? कुनै व्यक्तिलाई कुनै अर्थ छैन । वास्तै छैन, महत्व नै छैन भने सधैं नाम झुन्ड्याइरहने नगरे पनि हुन्छ कि ?,' सहभागीहरूप्रति हेर्दै ओलीले भने, 'तपाईंहरू पनि सोध्नुस्, आउने हो कि होइन ? रुचि छ कि छैन ?' प्रधानमन्त्री बोल्दै गर्दा मुख्यसचिव एकनारायण अर्यालले यस्ता कार्यक्रममा बोलाइएका व्यक्तित्वहरू उपस्थित हुनैपर्ने बताएका थिए । उनले भने, 'प्रधानमन्त्रीले चेयर गर्ने फर्मल मिटिङमा आउनु बोलाएका मान्छेको कर्तव्य र जिम्मेवारीभित्र पर्छ । सोध्न पनि गाह्रो । जिल्लाबाहिर रहँदा त एउटा कुरा हो । नत्र फर्मल मिटिङमा आउनुपर्छ भन्ने मान्यता राख्छौं ।' यसअघि २०८० सालको संविधान दिवसका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले रात्रिभोजको आयोजना गरेका थिए । त्यसबेला विभिन्न व्यक्तित्वसँगै बालेनलाई पनि निमन्त्रणा गरिएको थियो । तर, बालेनले त्यसबेला राष्ट्रपतिकै निमन्त्रणा बहिष्कार गरिदिए । के कारण निमन्त्रणा स्वीकार गरेनन्, त्यो भने बालेनबाहेक अरू कसैलाई थाहा छैन । सोही वर्ष गणतन्त्र दिवसको मूल कार्यक्रममा पनि बालेन पुगेनन् । त्यसबेला उनको सचिवालयले पारिवारिक कारण भनेको थियो । तर, बालेनले यसबारे केही बोलेनन् ।

सोमबार प्रधानमन्त्री ओलीको बालेन लक्षित अभिव्यक्ति आएपछि बालेनले यसबारे मुख खोलेका छन् । बालेनले आफू भ्रष्टाचार रोक्न लागिपरे पनि देशका सबै पार्टी र तिनका नेताहरू भ्रष्टाचारी जोगाउन लागिपरेकाले उनीहरूको नेतृत्वमा हुने कार्यक्रममा आफू सहभागी नहुने बताएका छन् । साथै, बालेनले गणतन्त्रकै अस्तित्वमाथि प्रश्न उठाउँदै आफू अहिलेको भ्रष्ट प्रणालीलाई समर्थन गर्ने पक्षमा नरहेको प्रष्ट पारेका छन् । सोमबार उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'जुन देशमा राजधानीको मेयरले भ्रष्टाचार रोक्छु भन्दा, देशका सबै पार्टीका सबै लागेर भ्रष्टाचारी जोगाउँछु भन्छन्, त्यसको नाइकेको कार्यक्रममा म गइदिनुपर्ने ? सरी केपी ओली ! आई डन्ट सपोर्ट योर करप्ट सिस्टम ।'

---

## सूचि दर्ता गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०६)

यस कम्पनीलाई आर्थिक वर्ष २०८२/०८३ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान तथा विविध प्रकारका सेवाहरु आपूर्ति तथा प्रवाह गर्ने प्रयोजनको लागि इच्छुक रजिष्टर्ड फर्म र कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले सम्बन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त गरेका फर्म तथा कम्पनीले आपूर्ति र प्रवाह गर्ने सामान तथा सेवाको विवरण, फर्म र कम्पनी दर्ता प्रमाणपत्र, फर्म र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा सूची दर्ताको लागि निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***पुनश्चः एक भन्दा बढी सामान तथा सेवाहरुमा सूची दर्ता गराउदा प्रत्येक सामान तथा सेवाहरुका लागि फरक फरक कागजातहरु उपलब्ध गराउनुपर्नेछ ।**

**सूची दर्ता गर्नु पर्ने सामान तथा सेवाहरुः**

१. मसलन्द सामान (स्टेशनरी) सामाग्री आपूर्ति
२. छपाई सम्बन्धी कार्य तथा आपूर्ति
३. कुरियर सेवा
४. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फ्याक्स, फोटोकपि, स्क्यानर र सोको पार्टपुर्जा आपूर्ति, निर्माण तथा मर्मत सम्भार
५. प्रिन्टर, फोटोकपि मेसिनको इन्क कार्टेज, टोनर इत्यादी
६. विज्ञापन, प्रचार-प्रसार तथा सञ्चार सम्पर्क (Media Handling) सम्बन्धी सेवा
७. अफिस फर्निचर तथा मेटल फर्निचर आपूर्ति
८. फ्लेक्स साईन बोर्ड, होर्डिङ्ग बोर्ड तथा साइन बोर्ड आदि आपूर्ति, निर्माण तथा मर्मत सम्भार
९. फ्लोरिङ्ग, फर्निसिङ्गका सामानहरु आपूर्ति
१०. खानेपानी आपूर्ति (Mineral Water)
११. विद्युतीकरण, विद्युतीय सामाग्री तथा उपकरणहरु आपूर्ति तथा मर्मत सम्भार कार्य
१२. CCTV, Security Alarm System, EPABX, Telephone sets, Fire Extinguisher आपुर्ति तथा मर्मत सम्भार कार्य
१३. Air Conditioner, Generator आपूर्ति तथा मर्मत सम्भार कार्य
१४. Lift/Elevator मर्मत सम्भार कार्य
१५. कार्यालय निर्माण तथा पूननिर्माण, आन्तरिक सजावट कार्य
१६. सुरक्षा गार्ड तथा सरसफाई सम्बन्धि सेवा
१७. इन्भर्टर, ब्याट्रि तथा सोलार आपूर्ति तथा मर्मत कार्य
१८. ट्राभल एजेन्सी सम्बन्धि सेवाहरु
१९. टेलरिङ्ग सम्बन्धि कार्य, ब्याग, छाला जुत्ता, रेनकोट तथा Promotional Items आपूर्ति
२०. Data Connectivity and Internet सेवा
२१. Software, Website, Mobile App Design and Development सम्बन्धी सेवा
२२. Disaster Recovery, IT Audit/IT Security सम्बन्धी सेवा
२३. SMS/Viber/Whatsapp value addition सम्बन्धी सेवा
२४. शेयर लगायत धितोपत्रहरु खरिद बिक्री सम्बन्धी सेवा
२५. निर्जीवन बीमा, औषधी उपचार तथा दुर्घटना बीमा सम्बन्धी सेवा
२६. किताब छपाई सम्बन्धी कार्य
२७. Construction सम्बन्धी कार्य

National Life
*for a secure future....*
लाजिम्पाट, काठमाडौं, फोनः ४५१४७९९, वेभः www.nationallife.com.np

---

### काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०२/०६ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको साल, असना र खयर जातको गोलिया थान १७५ को ३७२.३० घ.फि. काठ र साल जातको दाउरा ०.५० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**बेलझुण्डी सा.व.उ.स.**
**मधुवन-३, बर्दिया**

---

### डिभिजन वन कार्यालय पहलमानपुरको गोलिया काठ लिलाम बिक्री सम्बन्धि सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०२।०६)**

यस कार्यालय मातहतको सब डिभिजन वन कार्यालय, सुखड, कैलाली अन्तर्गत राष्ट्रिय वनक्षेत्रबाट आ.व.०८०।०८१ मा संकलन भई श्री बुलबुले रानी सा.व.उ.स. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटका सिसौ जातको गोलिया काठ थान ६८२ को परिमाण ४६६३।७४ क्यू.फिट र असना जातको गोलिया काठ थान १६९ को परिमाण २९१५।०९ क्यू.फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको २१ (एक्काइस) दिनभित्र वन निर्देशनालय, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजे भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ ।

---

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगढी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्न पर्ने भएको ले घाटगढीमा मौज्दात रहेको जात, सल्ला गरी १६४ थानको ए ७८ थान, बि ६२ थान र सि २४ थान २५२५.४४ क्युफि काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्न पर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री सुनपाल सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल-२, नारङ्गे**

---

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगढी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्न पर्ने भएको ले घाटगढीमा मौज्दात रहेको जात, सल्ला गरी २१२ थानको ए ५१ थान, बि ९२ थान र सी ६९ थान २२२३.३५ क्युफि काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्न पर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री शिवशक्ती सामुदायिक वन उपभोक्ता समुह**
**मोहन्याल-२, जमुनेगडा**

---

### काठ लिलाम विक्री सम्बन्धी सूचना

**सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०८२।२।६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगढी भएको गोलिया काठ लिलाम प्रकिया द्वारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगढीमा मौज्दात रहेको जात,साल ४६९ थानको ५३९५।१८ क्युफि काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विकी गर्न पर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल गा.पा.०५ कैलाली**

---

### काठ शिलवन्दी बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/०६ गते**

सितादेवी सा.व.उ.स., इलाम न.पा. ११ इलामको वनबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समूहको घाटगढीमा लट बनाई राखिएका काठहरु डि.व.का. इलामको च.नं. ५००१ मिति २०८१/०९/१४ गतेको लिलाम सहमती अनुसार साल चिरान थान ५० को ७३.७४ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सितादेवी सा.व.उ.स. इलाम न.पा. ११, इलाम**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### हकदावी गर्न आउने ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७१/११/१० मा दर्ता भएको दर्ता नं. १३२५६५ को **रोयल डिजाईन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यलयमा दावि गर्न आउनुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---


**SAUDI मा रोजगारको अवसर** Al Musairiey Steel Industries Company

पूर्व स्वीकृति मिति: २०८२/२/१ LT No.: 323896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | अन्य सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Load unload Worker | 2 | [illegible] | 1200 | ४२,९३०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | [illegible] | | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ १३ गते (27 May, 2025) यस प्रा. लि. को कार्यालय, धुम्बाराही, काठमाडौंमा हुनेछ ।

KATHMANDU H.R. SOLUTION PVT.LTD.
Dhumbarahi-9, Kathmandu, Ph. No : 01-4371271, 4371714, Fax: 4375136
Email : kathmanduhrsol@gmail.com, Web : www.kathmanduhr.com


---

# ललितपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशितः २०८२।०२।०६**

यस कार्यालय बाट तपसिल बमोजिमको सामान खरिद सम्बन्धमा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन पश्चात सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा १ बमोजिम तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट भएको हुंदा ऐ.ऐ.ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | LMC-NCB-WORKS -2081/082-08 | Construction works for cleaning tripper wheel at entrance near Nakhu Bridge | M/S Capable Builders Pvt. Ltd. Kathmandu | Nrs. 61,41,073.23 (Sixty One Lakh Forty One Thousand Seventy Three and Twenty Three paisa only) |

**प्रमुख प्रशासकिय अधिकृत**

---

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**

## Federal Water Supply and Sewerage Management Project

**Biratnagar**

### Notice to Intention to Award Contract

**Date of Publication: - May 20, 2025 (B.S. 2082/02/06)**

This is to notify all the concerned bidder(s), pursuant to the Public Procurement Act 2063 (PPA) as per the clause 27(2) and 47, that it is our intention to award the contract for the e-bid(s) published on February 12, 2025 on Himalayan Times Daily Newspaper and on PPMO's online portal www.bolpatra.gov.np and Rajdhani Daily Newspaper on May 10, 2025, to the bidder(s) as listed below as bid price of the corresponding bidder is determined to be substantially responsive and the lowest amongst the evaluated bid price(s).

| Contract No. | Description of Works | Lowest Evaluated Substantially Responsive Bidder's Name and Address | Lowest Evaluated Bid Price with PS and VAT. |
|---|---|---|---|
| 14/81-82/ CFWSSP-Dhulabari/ FWSSMP_BRT | Entire Construction Works of Dhulabari Co-Financing Water Supply and Sanitation Project, Mechinagar Municipality-9,11 Jhapa | Global Construction And Water Treatment Pvt. Ltd, Koteshwor-32, Kathmadu | NRs. 104,099,647.65 |

**Project Chief**